राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ८ अंक ५३ २०८३ भदौ २५ गते विहिवार (10 Sep. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## सर्वोच्चबाट निस्सा पाएसँगै आधाभन्दा बढी विजय भएको देउवाको दाबी

### पुनरावलोकनबाट कांग्रेसको आधिकारिकता पाउनेमा विश्वस्त रहेको पूर्वसभापति देउवाको भनाइ

दैनिक समाचारदाता

काठमाडौं, २४ भदौ । नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले पार्टीको आधिकारिकतासम्बन्धी मुद्दा पुनरावलोकनका लागि सर्वोच्च अदालतले निस्सा दिएसँगै आफूहरूको आधाभन्दा बढी विजय भइसकेको दाबी गरेका छन् ।

कांग्रेस भक्तपुरले बुधबार १३३औं बीपी जयन्तीका अवसरमा आयोजना गरेको विचार गोष्ठीलाई सम्बोधन गर्दै देउवाले सर्वोच्च अदालतबाट पुनरावलोकनका लागि निस्सा प्राप्त हुनु सकारात्मक संकेत भएको बताए ।

निर्वाचन आयोगले दबाबमा विशेष महाधिवेशन पक्षधरलाई




मान्यता दिएको दाबी गर्दै देउवाले त्यसविरुद्ध आफूहरू सर्वोच्च अदालत पुगेको बताए । सर्वोच्चले यसअघि निर्वाचन सम्पन्न भइसकेको अवस्थामा अब के गर्ने भन्ने प्रश्न उठाएपछि आफूहरूले पुनरावलोकनका लागि निवेदन दिएको र त्यसमा निस्सा प्राप्त भएको उनको भनाइ थियो ।

'पुनरावलोकनले निस्सा दियो हामीलाई । निस्सा दिएपछि हाम्रो आधाभन्दा बढी विजय भइसक्यो,' देउवाले भने ।

उनले विशेष महाधिवेशन बोलाउँदा पार्टीका प्रतिनिधिको सनाखत हुनुपर्ने दाबी गरे । कांग्रेसको विधानमा विशेष अधिवेशनको व्यवस्था भए पनि त्यसमा सहभागी हुने प्रतिनिधि वास्तविक सदस्य हुन् वा होइनन् भन्ने यकिन गर्न आवश्यक रहेको उनको भनाइ थियो ।

देउवाले आफ्नो जानकारीबिना विशेष महाधिवेशन बोलाइएको र प्रतिनिधिको सनाखतसमेत नगरिएको आरोप लगाए । उनका अनुसार विगतमा सुवर्णशमशेर राणाको सभापतित्वमा विशेष अधिवेशन बोलाउँदा प्रतिनिधिहरूको सनाखत गरिएको थियो ।

'विशेष अधिवेशन बोलाउन अधिकार छ, तर त्यसका लागि को(को भाग लिने हो, उसको

बाँकी पृष्ठ ३मा

## २७५ गाउँ ब्लक जग्गाधनीले पाए लालपुर्जा



दैनिक समाचारदाता

महोत्तरी, २४ भदौ । महोत्तरीको एकडारा गाउँपालिका-६ मा गाउँ ब्लकअन्तर्गतको जग्गा भोगचलन गर्दै आएका २७५ जना जग्गाधनीले लालपुर्जा प्राप्त गरेका छन् ।

साविक कोल्हुवा बगेया गाविसका वडा नम्बर ५, ६, ७ र ८ अन्तर्गतका जग्गाधनीलाई लालपुर्जा वितरण गरिएको हो । लामो समयदेखि जग्गा भोगचलन गर्दै आए पनि कानुनी स्वामित्वको प्रमाणपत्र पाउन नसकेका स्थानीयले लालपुर्जा पाएपछि खुसी व्यक्त गरेका छन् । लालपुर्जा वितरण कार्यक्रममा संघीय सांसद दीपक साह, उज्ज्वल झा, प्रदेश सांसद सुरिता साहलगायत जनप्रतिनिधि, प्रशासनिक अधिकारी तथा स्थानीयको सहभागिता थियो ।

कार्यक्रममा संघीय सांसद दीपक साहले वर्षौंदेखि जग्गा भोगचलन गर्दै आएका नागरिकलाई कानुनी स्वामित्व प्रदान गर्नु राज्यको महत्वपूर्ण दायित्व भएको बताए । लालपुर्जा प्राप्त भएपछि स्थानीयवासीको जग्गामाथिको कानुनी अधिकार थप सुरक्षित हुने उल्लेख गर्दै

बाँकी पृष्ठ ३मा


## जेनजी आन्दोलनको एक वर्ष : मधेशमा अझै उठेनन् क्षतिग्रस्त संरचना

### ४ अर्ब ५२ करोडभन्दा बढीको क्षति, अधिकांश संरचना सञ्चालनमा आए पनि पूर्ण पुनर्निर्माण अझै चुनौती

दैनिक समाचारदाता

जनकपुरधाम, २४ भदौ । गत वर्ष भएको जेनजी आन्दोलनले मुलुकको राजनीतिक परिदृश्यमा ठूलो परिवर्तन ल्याए पनि आन्दोलनका क्रममा भएको भौतिक क्षतिको असर मधेश प्रदेशमा अझै देखिइरहेको छ । आन्दोलनका क्रममा क्षतिग्रस्त सरकारी कार्यालय, सुरक्षा निकायका संरचना, सवारीसाधन तथा स्थानीय तहका भौतिक पूर्वाधारमध्ये धेरै अझै पूर्णरूपमा पुनर्निर्माण हुन सकेका छैनन् ।

राष्ट्रिय योजना आयोगको प्रतिवेदनअनुसार जेनजी आन्दोलनका क्रममा मधेश प्रदेशमा सरकारी संरचना र सवारीसाधनमा गरी करिब ४ अर्ब ५२ करोड ६५ लाख रुपैयाँ बराबरको क्षति भएको थियो ।



आन्दोलनका क्रममा प्रदेशभरिका २९७ सरकारी कार्यालय प्रभावित भएका थिए ।

प्रदेश सरकारअन्तर्गतका कार्यालयमा मात्रै करिब ५७ करोड ३५ लाख ५२ हजार रुपैयाँ बराबरको क्षति भएको मूल्याङ्कन गरिएको छ । सरकारी कार्यालयसँगै प्रहरीका भवन, संरचना तथा सवारीसाधनमा पनि उल्लेख्य क्षति पुगेको थियो ।

आन्दोलनको एक वर्ष पूरा भइसक्दा अधिकांश सरकारी निकायले सेवा सञ्चालन गरिरहेका छन् । तर, सेवा सञ्चालन हुनु र क्षतिग्रस्त संरचनाको पूर्ण पुनर्निर्माण हुनु भने एउटै कुरा हुन सकेको छैन । कतिपय कार्यालय सामान्य मर्मतपछि सञ्चालनमा आए पनि भवन, उपकरण तथा अन्य भौतिक संरचनाको

बाँकी पृष्ठ ३मा

## कर्णाली सरकारका पाँच निर्णय, दलित सशक्तीकरण ऐन संशोधन हुने

### लोक सेवा आयोगको सचिव पदस्थापनदेखि प्रहरी भवन निर्माण र प्रदेशसभा सदस्यलाई स्वकीय सचिव सुविधा दिने निर्णय

दैनिक समाचारदाता

सुर्खेत, २४ भदौ । कर्णाली प्रदेश सरकारले प्रदेश प्रशासन, प्रहरी पूर्वाधार, प्रदेशसभा सदस्यको सुविधा तथा दलित समुदायको सशक्तीकरणसँग सम्बन्धित पाँच वटा निर्णय गरेको छ ।

प्रदेश मन्त्रिपरिषद्को निर्णयअनुसार प्रदेश सचिव रामबहादुर कुरुम्बाङलाई कर्णाली प्रदेश लोक सेवा आयोगको सचिव पदमा पदस्थापन गर्ने निर्णय गरिएको छ ।

त्यस्तै, दैलेखको आठबीस नगरपालिका(४ स्थित इलाका प्रहरी कार्यालय राकमको अधुरो भवन निर्माणका लागि एक करोड छ लाख ५० हजार रुपैयाँको अख्तियारी माग गर्ने निर्णय भएको छ । भवन निर्माणका लागि आवश्यक रकम संघीय





मन्त्रालयसँग माग गरी निर्माण कार्य अघि बढाउने सरकारको तयारी छ ।

मन्त्रिपरिषद्ले प्रदेशसभा सदस्यहरूलाई नियमानुसार स्वकीय सचिवको सुविधा उपलब्ध गराउन प्रदेशसभा सचिवालयलाई लेखी पठाउने निर्णयसमेत गरेको छ । यससँगै प्रदेशसभा सदस्यको निजी सचिवालय व्यवस्थापन तथा स्वकीय सचिवसम्बन्धी सुविधा उपलब्ध गराउने प्रक्रिया अघि बढ्नेछ ।


यसैगरी, सरकारले 'दलित समुदायको सशक्तीकरण र जीवनस्तर प्रवर्द्धन ऐन, २०८१' को पहिलो संशोधन विधेयक प्रदेशसभामा पेश गर्न स्वीकृति दिएको छ । कर्णाली प्रदेशमा दलित समुदायको सशक्तीकरण तथा जीवनस्तर सुधारका लागि उक्त ऐन कार्यान्वयनमा रहेको छ । ऐन संशोधनका लागि सरकारले विधेयक प्रदेशसभामा लैजाने निर्णय गरेको हो ।

सरकारका यी निर्णयमध्ये दलित समुदायको सशक्तीकरणसम्बन्धी कानुन संशोधनको प्रस्तावलाई प्रदेशमा दलित समुदायको अधिकार, अवसर र जीवनस्तर सुधारका लागि महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# जेनजी आन्दोलन : प्रतिवेदन होइन, न्याय चाहिन्छ

२०८२ भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनले नेपालको राजनीतिक, प्रशासनिक र सुरक्षा व्यवस्थापनको गम्भीर कमजोरी उजागर गरेको थियो। घटनाको एक वर्ष पुग्न लाग्दा पनि त्यस क्रममा भएको मानवीय क्षति, बल प्रयोग, सुरक्षा व्यवस्थापनको कमजोरी र जिम्मेवार व्यक्तिको जवाफदेहिताको प्रश्न भने अझै टुङ्गोमा पुग्न सकेको छैन। यसले लोकतान्त्रिक राज्यमा न्याय र उत्तरदायित्वप्रतिको गम्भीर प्रश्न खडा गरेको छ।

घटनाको छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोग तथा राष्ट्रिय मानव अधिकार आयोगले छुट्टाछुट्टै अध्ययन गरी सरकारलाई प्रतिवेदन बुझाइसकेका छन्। दुवै प्रतिवेदनले सुरक्षा व्यवस्थापनमा कमजोरी, बल प्रयोगमा असावधानी तथा मानव अधिकार उल्लङ्घन भएको औँल्याउँदै जिम्मेवार पदाधिकारीमाथि कारबाहीको सिफारिस गरेका छन्। गृह मन्त्रालयका अनुसार गोली लागेर ३९ प्रदर्शनकारीसहित आन्दोलनका क्रममा ७६ जनाले ज्यान गुमाएका थिए। यति ठूलो मानवीय क्षति भएको घटनामा राज्यले जवाफदेहिता सुनिश्चित गर्न ढिलाइ गर्नु गम्भीर विषय हो।

दुर्भाग्यवश, प्रतिवेदन कार्यान्वयनमा लैजानुको सट्टा सरकारले थप अध्ययन र नयाँ समिति गठन गर्ने बाटो रोजेको देखिन्छ। एउटा समितिको सिफारिसमाथि अर्को समिति गठन गर्दै जाने प्रवृत्तिले न्यायिक प्रक्रियालाई जटिल बनाउने मात्र होइन, राज्यको इच्छाशक्तिमाथि समेत प्रश्न उठाउँछ। प्रतिवेदन कार्यान्वयनमा समस्या हो भने त्यसको कारण स्पष्ट गर्नुपर्छ; राजनीतिक असहजताका कारण कार्यान्वयन टारिएको हो भने त्यो झन् गम्भीर विषय हो।

घटनामा सुरक्षा निकायसँग भिड नियन्त्रणका आवश्यक सामग्रीको अभावसमेत देखिएको छ। हेलमेट, फेसशील्ड, बडी आर्मर, टियर ग्यास, रबरको गोली, वाटर क्याननलगायतका साधन पर्याप्त नहुनुले सुरक्षा व्यवस्थापनको संस्थागत कमजोरी उजागर गर्छ। भविष्यमा यस्ता घटना दोहोरिन नदिन आधुनिक, मानव अधिकारमैत्री र प्रमाणमा आधारित भिड नियन्त्रण प्रणाली विकास गर्नु अपरिहार्य छ।

त्यसैगरी, सरकारी तथा निजी सम्पत्तिमा तोडफोड र आगजनी गर्नेहरूलाई समेत निष्पक्ष अनुसन्धानमार्फत कानुनी दायरामा ल्याउनुपर्छ। आन्दोलनमा सहभागी भएका सबैलाई एउटै दृष्टिले हेर्नु र हिंसा तथा आपराधिक गतिविधिमा संलग्न व्यक्तिलाई उन्मुक्ति दिनु दुवै गलत हुन्। दोषीलाई कानुनी कारबाही र निर्दोषलाई संरक्षण–न्यायको आधार यही हो।

अब सरकारका लागि मुख्य परीक्षा प्रतिवेदन बनाउनु होइन, प्राप्त प्रतिवेदन कार्यान्वयन गर्नु हो। पीडित परिवारलाई न्याय, दोषीको जवाफदेहिता र सुरक्षा प्रणालीमा आवश्यक सुधारबिना जेनजी आन्दोलनको अध्याय पूरा हुँदैन। समिति थप्ने र प्रतिवेदन थन्क्याउने प्रवृत्ति अन्त्य गरी निष्पक्ष अनुसन्धान, पारदर्शी कारबाही र संस्थागत सुधार अघि बढाउन सरकार गम्भीर बन्नैपर्छ। राज्यको विश्वसनीयता भाषणबाट होइन, न्याय सुनिश्चित गर्ने व्यवहारबाट स्थापित हुन्छ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# भदौ २४ पछिको एक वर्ष



झलक सुवेदी

प्रकाशको महत्व लालटिन भन्दा बढी छ
कविता कुनै नोटबुक भन्दा बढी महत्वपूर्ण छ
र चुम्बनको महत्व ओठभन्दा बढी छ।
तिमीलाई लेखिएको मेरो पत्र महान् छ,
तर त्योभन्दा पनि धेरै महत्वपूर्ण छौं हामी दुई।
यिनै त हुन् ती दस्तावेजहरू,
जहाँ मानिसहरूले खोजेर निकाल्नेछन्
तिम्रो सुन्दरता
र मेरो पागलपन।
निजार कब्बानी, सिरियाली कवि

भदौ २३ र २४ का अत्यासलाग्दा दिनहरू फेरि स्मृतिमा सल्बलाइरहेका थिए। बिर्सिएकै पनि त कहाँ थिए र ? र पनि जब पितृहरूको तिथि आउँछ अनि उनीहरूको सम्झना बढी आउँछ भन्ने त हामीले अनुभव गरेकै कुरा हुन्। आखिर हामी सबैलाई हृदयभित्रबाटै हल्लाएर चोट दिएर गएका ती दिन कसरी बिर्सनु ?

यता भदौ १० का आला घाउहरू चह्र्याइरहेका छन्। हिमपहिरोले क्षत-विक्षत बनाएका त्रिशूली नदी किनारका बस्तीहरू। आँधीले उडाएर छिन्नभिन्न पारेपछिका चराका गुँड जस्ता परिवारहरू। आफ्ना भन्ने सबै गुमाएका कलिला नानीहरू। सन्तानहरू गुमाएर पनि जिउनु परेका वृद्धवृद्धाहरू। पति र प्रेमी या पत्नी र प्रेमिका कहिल्यै भेट नहुने गरी छुटेपछि विताउनुपर्ने कहालीलाग्दा दिन सम्झेर तड्पिरहेका युवा र युवती। अनि कतै घरको भग्नावशेषमा बालुवा, लेदो र गेग्रानको थुप्रोमुनि अथवा हाइड्रोपावरका निस्सासिंदा सुरुङभित्र आफन्तजन हराएर पुरिएपछि पनि जीवितै उद्धार हुने आशा गरेर बसिरहेका तिनका प्रियजन।



त्रिशूली त सयौं वर्षको नेपाल तिब्बत अथवा दक्षिणएशिया र भोट चीन जोड्ने सभ्यताको मार्ग पनि हो। चीनको युनानमा उत्पादित चिया दक्षिणएशियासम्म पुऱ्याउने चिया बोक्ने घोडाको बाटो पनि यही त थियो। शताब्दीऔं पहिले तामाङ र ह्योल्मोहरू नेपाल प्रवेश गरेका पनि त त्यही गढीको बाटोबाट उही ल्हेन्दे खोला तरेर हो। हाम्रो संस्कृतिको धरोहर बोकेका बाटा, पुल, पाटी, पौवा, चौतारी, धारा र कुवाहरू। उत्तर गया, बेत्रावतीको सन्धि ढुंगो, चिनियाँ सेनाको प्रतिरोध गर्न बनाइएको गढी, यताका र उताका तीर्थयात्रीका पाइतालाले खोपेका गोरेटा, मठ, मन्दिर, स्याफ्रुबेंसीदेखि टिमुरे घट्टेखोलासम्म घरका आँगन र गुम्बामा फर्फराइरहेका लुङ्दरहरू। हाम्रो सभ्यता, संस्कृति, आस्था र विश्वासका स्मृति चिह्नरू सबै सबै त बगाइगयो एक झट्का बाढीले। त्रिशूली नदी सभ्यताका अनेक चिह्नहरू हेर्दा हेर्दै मेटिए।

तुलना गरिंदैछन् यो भदौ महिनामा देशलाई बर्बाद पारेका दुई ठूला घटनाहरू। ठीक एक वर्ष पहिलेको भदौ २३ गते बानेश्वर संसद् भवन अगाडि चलेको गोली लागेर दुई दर्जन युवाको ज्यान गयो। समाजमा एउटा आक्रोश भित्रभित्र उम्लिरहेको थियो। बेरोजगारीले लखेटिएका युवामा स्थापित संस्था र राजनीतिक नेतृत्वका प्रति, सरकार र न्यायालयका प्रति, कानून र संविधानका प्रति, आश्वासन र सपनाहरूको विज्ञापनका प्रति विश्वास उठिरहेको थियो। यो असन्तोषको सुकेको खरमा आगो झोस्न अनेक शक्ति हातहातमा मट्टीतेल र सलाइका बट्टा लिएर कुदिरहेका थिए। कहिले ल्होत्से मल र कहिले तिनकुनेमा त्यसको पूर्वतयारी अभ्यास भइरहेकै थियो। आलोपालो घुम्ने मेचमा बसेर अन्धा भएका शासकहरू मगनमस्त थिए। आफैंलाई स्वर्गका राजा इन्द्र समान अमर र बलवान सम्झिरहेका। उनीहरूलाई लागिरहेको थियो सामाजिक सञ्जाल नभए असन्तोषी र आक्रोशित साधारण जनताको आवाज थुन्न सकिन्छ र हाइसञ्चोसँग सत्ताभोग गरिरहन सकिन्छ।

आखिर सलाइ लिएर हिंडिरहेकाहरूलाई सरकारले नै उछिन्यो र सञ्जाल बन्द गरेर सुकेको खरमा झुलो-चकमक रगडिदियो। जेनजी एउटा मोहरा थियो, पछाडि असन्तुष्टिका हात्ती, घोडा, ऊँट र मन्त्रीहरू थिए। त्यसको व्यवस्थापन गर्नुपर्ने शान्तिसुरक्षाको जिम्मा लिएको गृह संयन्त्र पङ्गु सावित भयो। प्रधानमन्त्रीलाई यस्ता कुराले छुँदैनथ्यो। उनी दुईतिहाइ समर्थनको अट्टालिकामा बसिरहेका थिए र एउटा भयानक सत्ताभ्रमले लट्ठ थिए। सडकको सदावहार असन्तोषले यसमा पोखिने अवसर पाएको थियो।

सरकारको अकर्मण्यता र सडकको आक्रोशले सिर्जना गरेको अराजकताका बीच मानिसहरू धमाधम आफैंले तिरेको करले किनेका गोली लागेर ढल्न थाले। र यसरी ढल्नेको अधिकांश पंक्ति त्यस्तो युवाको थियो जो भइरहेको अव्यवस्था (पद्मरत्न तुलाधरको वसन्तपुरको भाषणमा प्रयोग भएको अव्यवस्था शब्द सम्झनुहुन्छ नि ?) बाट आजित थियो। यो पंक्ति मूलतः ३० वर्ष मुनिको थियो। समाजमा स्थापित भएको न्यारेटिभले उनीहरूलाई तत्कालीन तीन राजनीतिक दल र तिनका नेताको अर्थात् तीस वर्षदेखि सरकार र सत्ता चलाइरहेकाहरूबाट मुक्तिले मात्र आफ्नो पनि यो माटोमा कमाइ गरेर खाने बाटो खुल्छ भन्ने लागेको थियो। मध्य सडकमा रगतले भिजेको एउटा जुत्ता त्यसको एउटा विम्ब थियो।

त्यसको प्रतिक्रियामा बहालवाला प्रधानमन्त्री केपी शर्मा ओलीले जे जस्ता निर्णयहरू गरे त्यो हाम्रो समयको सबैभन्दा क्रूर त्रासदी थियो। न उनले आफ्नो नैतिक जिम्मेवारी महसुस गरे न आफ्ना निर्णयहरू सच्याउन आवश्यक ठाने। उनले गोलीले ढलेका युवाको रगतलाई टुकुचाको पानीजत्ति पनि ठानेनन्। न कानून व्यवस्था पालन गराउन आवश्यक कदम चाले। केवल दमन र धम्कीको सहारा लिए। परिणामतः उनले आफ्नो मातहतको सुरक्षा निकाय र कर्मचारीतन्त्रको समेत विश्वास गुमाए। गठबन्धन दलहरूको विश्वास गुमाए। आफ्नै दलभित्र पनि प्रश्न उठ्यो तर उनले छाडेनन् बरु भाग्न मञ्जुर भए। उनका प्रतिक्रियाहरूको असर झन् भयानक भयो।

संसद् भवन, सरकारको सचिवालय, सर्वोच्च अदालत, राष्ट्रपति भवन लगायत सरकारको उपस्थिति हुने, कांग्रेस, एमाले र माओवादी पार्टीको उपस्थिति देखिने, लोकतन्त्र र गणतन्त्रका विम्बहरू भनेर परिचित धरोहरहरू ध्वस्त पारिए। निजी व्यापारिक तथा औद्योगिक प्रतिष्ठानहरू ध्वस्त पारिए। आफैं आगो झोस्ने र आफै निभाउन हिंडेको देखाउने जत्था यसको सञ्चालक जस्तो देखियो। प्रहरीले हात ठड्याएर आत्मसमर्पण गरेपछि मुक्त भएका विभिन्न अभियोगमा समातिएकाहरूमा प्रहरी कार्यालयको हतियार पुग्यो। जेलहरू तोडिए र अभियोगका लागि थुनामा परेकाहरू सडकका बादशाह बन्न पुगे। केही समय त यस्तो मनोविज्ञान र भय व्याप्त भयो कि देश स्वयं अपराधीहरूको नियन्त्रणमा छ।

भदौ २४ र भदौ १० को एउटा समानता रह्यो : राष्ट्रिय विम्ब र सांस्कृतिक धरोहरूको विनाश। भदौ १० मा प्रकृतिले ताण्डव मच्चायो भदौ २४ मा अराजक समूहले।

***भदौ २४ पछि***

भदौ २४ ले केही पुराना बादशाहरूलाई घोडाबाट लतारेर भुइँमा पछारिदियो। बीसौं वर्षदेखि सत्ता र सत्ताको वरपर बसेर जनता भन्दा एकतला माथि सिसाको झ्यालभित्रबाट सडकमा ढुंगा प्रहार गरिरहेको भुइँफुट्टा सम्भ्रान्तहरूको एउटा तप्कालाई धर्तीमा ओर्लन बाध्य पारिदियो। संविधानको परिकल्पनाभन्दा बाहिरैबाट प्रधानमन्त्री बन्न सुशीला कार्की पुगिन्। संसद् विघटन गरियो। र लगभग कोमामा पुगेको संविधानलाई चुनाव मार्फत लिकमा ल्याउने प्रयास पनि आरम्भ भयो। ५ महिनापछि भएको चुनावले राजनीतिलाई नयाँ अध्यायतिर डोऱ्यायो।

भदौ २४ मा सत्ताबाट लखेटिएका केपी ओलीले आफ्ना कमजोरीहरूलाई कत्ति पनि स्वीकार नगरी चुनावमा जाँदा झण्डै नाति पुस्ताको एउटा अल्लारे जस्तो युवासँग आफ्नै छरछिमेकमा ५० हजार भन्दा बढी मतले पराजित भए।

नेपाली कांग्रेसमा युवाहरूले विद्रोह गरेर देउवा र उनको सहकर्मीहरूको पुस्तालाई पार्टीबाटै विस्थापित गरिदियो। गगन थापा जस्ता जल्दाबल्दा युवा नेता पार्टी सभापतिका रूपमा लडेको पहिलो चुनावमा पराजित भए।

भदौ २४ गते एउटा भयानक दु:खान्तको दृश्य बूढानीलण्ठस्थित देउवा निवासबाट आइरहेको थियो। उक्त दृश्यमा बहालवाला परराष्ट्रमन्त्री आरजू राणा देउवालाई पुरुष प्रदर्शनकारीहरूले लछारपछार गरिरहेका, अपमान गरिरहेका र स्वयं पाँचपटक देशको नेतृत्व गरेर प्रधानमन्त्री बनेका शेरबहादुर देउवाको टाउकोबाट रगातका धारा बगिरहेका। उनको घरमा प्रदर्शनकारी थिए कि लुटेरा थिए भन्ने प्रश्न अझै हल भएको छैन। जानेहरूले अनेक सामान लुटेका दृश्यहरू, घरमा आगो लगाएका दृश्यहरू भयानक थिए। र सबैभन्दा अर्थपूर्ण कुरा थियो कि उक्त घटनाको विरोधमा नेपाली कांग्रेस पार्टीले नै सामान्य विरोध दर्ज गर्ने वक्तव्य बाहेक केही गरेन। र आफूलाई देउवा र आरजूबाट टाढा राख्ने प्रयास गरेको देखियो। राजनीतिमा योभन्दा ठूलो ट्रेजेडी के हुन्छ?

र; त्यसको ११ महिनापछि देउवाको स्वागतमा एअरपोर्टदेखि चण्डोलसम्म कांग्रेसहरूको एउटा समूहले प्रदर्शन नै गर्न पुगेको पनि देखियो। यो एउटा सर्कल पूरा भएको संकेत थियो। अर्थात् भदौ २४ पछि जो-जो विस्थापित भए भनिएका थिए तिनले आफ्नो सडेगलेको इतिहासलाई धोइपखाली गरेर सुकिलो देखाउने दिन फर्केका छन्। जनता तथा संवैधानिक व्यवस्था समेतलाई हेलाँ गर्दै हठधर्मी शासन गरिरहेका केपी ओली आफ्नो छवि उजिल्याउन त्रिशूलीको धमिलो पानीले मुख धुन पुगिरहेका छन्। यो उल्टो धारा कसका कारणले बगिरहेको छ ?

प्रकाशको महत्व लालटिनभन्दा बढी छ
कविता कुनै नोटबुकभन्दा बढी महत्वपूर्ण छ
र चुम्बनको महत्व ओठभन्दा बढी छ।

सिरियाली कवि कब्बानीको कविताले एउटा गम्भीर अर्थ बोकेको छ महत्व लालटिनको होइन उज्यालोको हो। कविता केमा लेखियो ल्यापटपमा या नोटबुकमा त्यो अर्थको हुँदैन महत्व कविताको हुने हो। ओठ माध्यम मात्र हुन्, ओठले चुम्बन गरे भने मात्र प्रियजनको आलिंगन र भावनात्मक संवेगलाई एकीकृत पार्छन्। अर्थात् यहाँ माध्यमको होइन परिणामको, बाटोको होइन गन्तव्यको अर्थ हुन्छ।

भदौ २३ र २४ का घटनाहरू पुरानो हठधर्मी शासनलाई ध्वस्त पार्ने माध्यम बनेका हुन्, नयाँका लागि बाटो पनि तिनले खोलिदिएका हुन्। यी केवल लालटिन, दार र मट्टीतेल हुन्। प्रकाश त अब दिइने सुशासन, सेवा प्रवाह, आर्थिक अवसर र अवसरहरूको न्यायपूर्ण वितरण हो। खोजिएको नोटबुक होइन कविता हो, सरकार या कुर्सीमा बस्ने मानिसको अनुहार खोजिएको होइन परिवर्तन र रूपान्तरण हो। यस्तो परिवर्तन शासकहरूको दृष्टिकोणमा, सरकारको नीतिमा, कार्यक्रममा र परिणाममा देखिनुपर्छ। के सेवा प्रवाह सुस्त बन्यो ? कि शासकहरूको दृष्टिकोणमा परिवर्तन आयो ? परिवर्तन त आयो जस्तो कि संसद्लाई नटेर्ने व्यक्ति प्रधानमन्त्री बन्यो। राष्ट्रपतिलाई बेवास्ता गर्ने, संवैधानिक निकायहरूलाई पाँच वर्षसम्म थुनेर थुर्ने खुला धम्की दिने व्यक्ति प्रधानमन्त्री बन्यो, कर्मचारी र विद्यार्थी संगठन खारेज गरेर अधिकार संकुचन गर्ने, कानूनी प्रक्रिया र विधि मिचेर मनमौजी नागरिकहरूलाई गिरफ्तार गर्ने, संस्थाको नेतृत्व गलहत्याउने र अपमान गर्ने सरकार आयो।

चुम्बन नगर्ने ओठ जति राम्रा होउन् तिनले प्रेमको महत्व बोक्दैनन्। हामीले अलिअलि आशा र भरोसा गरेको नयाँ पुस्ता, जेनजी पुस्ताले हाँकेको, युवाले हाँकेको सरकार हेर्दा राम्रो तन्दुरुस्त देखिनु एउटा कुरा भयो तर त्यसले के डेलिभरी दिन खोजेको हो ? समाजमा भय र त्रास सिर्जना गरेर कस्तो लोकतन्त्रतिर लैजान खोजिएको हो ? यी प्रश्नको उत्तर नआए ओठ राम्रो हुनु तर प्रेम नहुनु जस्तै हुनेछ।

समाजमा हिजो जुन निराशा र आक्रोश थियो, जुन असन्तोषको ज्वाला दन्केर पुरानो नेतृत्व, त्यसले भित्र्याएको अहंकारी, जनविरोधी संस्कृति जलायो भन्ने ठानिएको थियो त्यो नै नयाँ अनुहारमा पनि सल्केको देखिनु अर्को दु:खान्तको संकेत जस्तो हो। कामना छ कि यस्तो नहोस्। युवालाई मेरो शुभकामना छ। विद्यमान अर्थ-राजनीतिक संकटमाथि यो युवा मन्त्रिपरिषद्ले प्रहार गर्न सकोस्। गत वर्षको भदौरे उन्मादको समयमा गोली लागेर मरेका युवायुवतीको रगतको अपमान नहोस्। तिनका परिवारजनले गर्वले भन्न सकुन् हाम्रो आफन्तले रगत र जीवन दिएर ल्याएको परिवर्तनले हेर

बाँकी पृष्ठ ३मा

# भदौ २४...........

त देशलाई कति उज्यालो दियो ! आन्दोलनका घाइतेहरूले सडकमा मागेर खान नपरोस् ।

देश त बन्नु नै छ
मेरो देश, म तिमीलाई फेरि निर्माण गर्नेछु
आवश्यक परे आफ्नै जीवनबाट बनेका इँटाहरूले
म बनाउनेछु स्तम्भहरू
तिम्रो छानो थाम्नका लागि
आवश्यक परे आफ्नै अस्थिहरूले पनि
म सास लिनेछु
तिम्रा फूलहरूको सुगन्धमा
जुन तिम्रो यौवनले सुवासित छन् ।
म धोइदिनेछु तिम्रो शरीरमा लागेको रगत
आफ्नो आँसुको धाराले ।
फेरि एकपटक
यो घरबाट अँध्यारो हट्नेछ
म हाम्रो आकाशको नीलो रङले
आफ्ना कविताहरू रङ्गाउनेछु
....
म बूढी भएकी हुनसक्छु
तर अवसर पाएँ भने
म फेरि सिक्नेछु
म आफ्ना सन्तानहरूसँगै
दोस्रो यौवन शुरु गर्नेछु ।

-सिमिन बेहबहानी, इरानी कवि, मेरो देश, म तिमीलाई पुनः निर्माण गर्नेछु ।

केही दिन पहिले सिंहदरबारको पर्खालबाट मुश्किलले सय दुई सय मिटर पर रहेका दुई वटा सरकारी कार्यालयमा पुगेको थिएँ । फुटेटुटेका झ्यालढोका, भत्केका भुइँ र पर्खाल, डढेका प्लाष्टर र फर्निचरहरू, भुइँमा र यताउता राखिएका फाइलहरू, तैपनि काम गरिरहेका कर्मचारीहरू । यस्तो लाग्थ्यो यो देश लामो समयदेखि भग्नावशेषमाथि फाटेको जुत्ता लगाएको एउटा गोडा खोच्याएर उभिइरहेको छ । भूपी शेरचनको घण्टाघर कविता जस्तो सबै कुरा गुम्दै गएको वृद्ध र एक्लो फौजीको अवस्थामा पुगेको छ ।

भदौ २३ को बलिदानमा, बानेश्वरको सडकमा तातो गोली खाएर ढलेका युवाको समाधिस्थलमा उभिएर बालेन्द्र शाहले सरकार सम्हालेको त ६ महिना मात्रै हुँदैछ । तर यी भग्नावशेषबाट सेवा दिइरहेका भवनतिर हेर्दा लाग्छ यो सरकारको आयु पनि खरानीकै थुप्रोबाट शुरु भएर खरानीमै सकिनेछ । प्रश्न अरू पनि छन् : देश त तिमीहरूले सजिलै पोल्यौ तर खै त नयाँ बनाउने तरखर गरेको ? नबाउने देश किन जलाएको ? किन जलाइएका थिए पचासौं वर्ष लगाएर बनाएका संरचना, संस्था र संस्थागत स्मृतिहरू ? के देश यसरी नै बन्छ ? वितेका कुरा विते, आगो लगाउनेहरूले नै जिते भनेर मान्दिउँ न त भन्दा पनि अब यी खण्डहर कहिले सग्ला बन्ने हुन् भन्ने प्रश्न उठिहाल्दोरहेछ । कसले बनाउने हो भन्ने लाग्दोरहेछ ।

नेपालको जेनजी आन्दोलनलाई म त शुरुदेखि नै भनिरहेको छु हाम्रो अर्थ-राजनीतिक संकटबाट उत्पन्न निराशा र तत्कालीन सत्ता र संसद्मा रहेका दलका मुखियाहरूले जनतामाथि गरेको अपमानको बदलामा उठेको थियो । मलाई अहिले पनि यो आन्दोलनमा आफैं भौतिक रूपमा सामेल हुन नगएकोमा पछुतो छ । कमसेकम यस्तो आन्दोलनमा, हामी आफू पनि सामेल भएको भए उद्दण्ड तथा ध्वंसात्मक अतिवादीहरूको हातमा जाने थिएन । पुरानालाई विस्थापित गर्नु जरूरी थियो त्यस हदसम्म म पनि उक्त आन्दोलनको सहभागी हुँ, आन्दोलनकारी हुँ । तर भौतिक रूपमा अनुपस्थित भएपछि जो गयो उसले परिणामलाई नियन्त्रण गर्ने नै भयो । अहिले उनीहरूकै हातमा सरकार र सत्ता छ । तर यो बाँदरका हातको नरिवल बन्ने जोखिम बढ्दै गएको छ ।

हामीलाई त चाहिएको थियो वर्तमान संविधानको धर्मनिरपेक्षता सम्बन्धी अवधारणा पालन होस् । संघीयता बलियो बनोस् । स्थानीय तह प्रभावकारी बनुन् । विद्यमान संस्थाहरूमा गरिएको अत्यधिक राजनीतीकरणलाई हटाएर परिणाममुखी बनाइयोस् । तर प्रारम्भिक संकेत त्यस्तो देखिएका छैनन् । बरु जे छ त्यसलाई मात्र नष्ट गरेर गन्तव्य नठम्याएको सरकार देशमा गजधम्म बसेको देख्छु ।

धर्मनिरपेक्षतालाई त पद तथा गोपनीयताको शपथ खाने बेलामा नै प्रधानमन्त्रीले च्यातचुत पारे । अझै पनि संसद्लाई संघीय निजामती ऐन, शिक्षा ऐन जस्ता अत्यावश्यक कानून बनाउन सक्रिय बनाइएको छैन । संघ सरकार प्रदेश र स्थानीय तहलाई शत्रु या परचक्रीका रूपमा हेर्छ भन्ने कुरा त त्रिशूली भोटेकोशी बाढीका समयमा देखिइहालेको छ ।

यसरी देश बन्दैन । पाँच वर्षका लागि भदौ २४ कै संकथनलाई अनुमोदन गर्दै उक्त घटनाका मुख्य कर्ताहरूलाई देश चलाउने वैधानिकता प्राप्त छ । यति समय त उनीहरूबाट आशा गर्नुको विकल्प छैन । तर उनीहरूले के बुझ्नुपर्छ भने जहाँ संकट हो त्यहाँ प्रहार गरिएन र मानिसहरूमा देशमा आर्थिक अवसरहरू बढेका छन् र सुशासन कायम हुँदै गएको छ भन्ने महसुस भएन भने भदौ २४ हरू छिटो-छिटो अझ उग्र रूपमा दोहोरिने छन् । फेरि पनि देखा पर्दैछ असन्तोष र आक्रोश । कति छिटो यस्तो भएको ? फेरि मैले गुन्गुनाउनै पर्ने हुनसक्छ यो कविता :

म धोइदिनेछु तिम्रो शरीरमा लागेको रगत
आफ्नो आँसुको धाराले ।
फेरि एकपटक
यो घरबाट अँध्यारो हट्नेछ
म हाम्रो आकाशको नीलो रङले
आफ्ना कविताहरू रङ्गाउनेछु
....
म बूढी भएकी हुन सक्छु
तर अवसर पाएँ भने
म फेरि सिक्नेछु
म आफ्ना सन्तानहरूसँगै
दोस्रो यौवन शुरु गर्नेछु । साभार: अनलाइनखबरडटकम

# सर्वोच्चबाट.......

सनाखत हुनुपर्‍यो,' उनले भने, 'कुन जिल्लाको, कुन क्षेत्रको, कुन गाउँपालिकाको हो, त्यसको नाम चाहियो । बिना सनाखत विशेष अधिवेशन गर्न पाइन्छ ?'

देउवाले निर्वाचन आयोगले दबावका कारण पार्टी अद्यावधिक गरेको आरोपसमेत लगाए । आयोगका प्रमुखले ज्यानको खतरा रहेको कारण निर्णय गर्नुपरेको बताएको आफूले सुनेको उनको दाबी थियो ।

पार्टीको आधिकारिकता आफूहरूलाई नदिन विभिन्न स्तरबाट प्रयास भइरहेको आरोप लगाउँदै देउवाले त्यसलाई कुनै हालतमा स्वीकार नगर्ने बताए ।

'कुनै पनि हालतमा पुनरावलोकनबाट नेपाली कांग्रेसको आधिकारिकता हामीले पाउनुपर्ने कुरा रोक्ने कोसिस भइरहेको छ,' उनले भने, 'तर, हामी कुनै हालतमा मान्दैनौं ।'

पूर्वप्रधानमन्त्री देउवाले सर्वोच्च अदालतले आफूहरूलाई न्याय दिने विश्वास व्यक्त गरे । पञ्चायतकालदेखि नै अदालतप्रति आफ्नो विश्वास रहेको उल्लेख गर्दै उनले राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनका बेला पनि अदालतले आफूलाई न्याय दिएको स्मरण गरे ।

उनले सर्वोच्च अदालतले निष्पक्ष रूपमा पुनरावलोकनका लागि निस्सा दिएको भन्दै पार्टीको रुख चुनाव चिह्न र चारतारे झण्डासहितको आधिकारिकता आफूहरूले पाउने विश्वास व्यक्त गरे ।

'जसरी निष्पक्ष रूपमा हामीलाई निस्सा दिएको छ, त्यस्तै रुख चिन्ह, चारतारे झण्डा नेपाली कांग्रेसको हामीले पाउने छौं भन्ने विश्वास लिएको छु,' देउवाले भने ।

पार्टीको आधिकारिकता र विशेष महाधिवेशनसम्बन्धी विवाद अहिले सर्वोच्च अदालतको प्रक्रियामा रहेकाले अदालतको अन्तिम निर्णयपछि मात्र यसको टुंगो लाग्नेछ ।

# २७५ गाउँ.......

उनले बाँकी जग्गासम्बन्धी समस्या समाधानका लागि पनि पहल गर्ने प्रतिबद्धता जनाए ।

संघीय सांसद उज्ज्वल झाले गाउँ ब्लकको जग्गा व्यवस्थापनको कामले स्थानीयको लामो समयदेखिको समस्या समाधान गर्न सहयोग पुगेको बताए । लालपुर्जा प्राप्त भएपछि नागरिकले आफ्नो सम्पत्तिको कानुनी सुरक्षा पाउनुका साथै आवश्यकताअनुसार त्यसको उपयोग गर्न सहज हुने उनको भनाइ थियो ।

प्रदेश सांसद सुरिता साहले लालपुर्जा प्राप्त गर्नु स्थानीय नागरिकका लागि महत्वपूर्ण उपलब्धि भएको बताइन् । अझै पनि जग्गासम्बन्धी समस्या रहेका नागरिकको पहिचान गरी कानुनी प्रक्रिया अघि बढाउन सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको उनले बताइन् ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले गाउँ ब्लकको जग्गालाई कानुनी स्वामित्व प्रदान गर्ने प्रक्रिया नागरिकको हितसँग प्रत्यक्ष जोडिएको विषय भएको बताए । आवश्यक प्रमाण र प्रक्रिया पूरा गरेका जग्गाधनीलाई नियमानुसार लालपुर्जा वितरण गर्ने कार्यलाई प्रशासनले प्राथमिकताका साथ सहजीकरण गर्दै आएको उनले बताए ।

प्रजिअ यादवले लालपुर्जा प्राप्त गरेपछि त्यसको संरक्षण, अभिलेख व्यवस्थापन तथा प्रचलित कानुनी प्रक्रियाको पालना गर्न जग्गाधनीलाई आग्रह गरे ।

लालपुर्जा पाएपछि स्थानीयले वर्षौंदेखि भोगचलन गर्दै आएको जग्गाको स्वामित्व औपचारिक रूपमा स्थापित भएको भन्दै अब सम्पत्तिको सुरक्षा र उपयोगमा सहज हुने विश्वास व्यक्त गरेका छन् ।

# जेनजी.........

दीर्घकालीन पुनर्निर्माण अझै बाँकी छ ।

क्षतिग्रस्त संरचनाका कारण केही सरकारी निकायले अस्थायी तथा कामचलाउ व्यवस्थाबाट सेवा प्रवाह गर्नुपरेको छ । यसले सेवाग्राहीलाई असहज हुनुका साथै कार्यालयको नियमित प्रशासनिक काममा समेत प्रभाव पारेको छ ।

***प्रदेशसभा पनि अछुतो रहेन***

जेनजी आन्दोलनको प्रभाव मधेश प्रदेशसभा र त्यसअन्तर्गतका संरचनामा समेत परेको थियो । प्रदेशसभा भवन तथा सचिवालयका बैठक कक्ष, विभिन्न समितिका कार्यालय, फर्निचर तथा विद्युतीय उपकरणमा क्षति पुगेको थियो ।

प्रदेशसभाजस्ता संवेदनशील सार्वजनिक संस्थाका संरचनामा भएको क्षति तत्कालीन अवस्थाको राजनीतिक असन्तोष र सार्वजनिक सम्पत्तिमाथि परेको दबाबको समेत प्रतिबिम्ब थियो । तर, क्षतिपछि ती संरचनालाई पूर्णरूपमा पूर्ववत् अवस्थामा फर्काउने काम अपेक्षित गतिमा अघि बढ्न सकेको छैन ।

***स्थानीय संरचनामा पनि असर***

आन्दोलनका क्रममा स्थानीय तहका कार्यालय तथा अन्य भौतिक संरचनामा समेत क्षति पुगेको थियो । मधेशका प्रमुख शहरमध्ये वीरगन्ज महानगरपालिका र जनकपुरधामका स्थानीय संरचनाले उल्लेख्य क्षति व्यहोरेका थिए ।

केही संरचनाको आंशिक मर्मत तथा पुनर्निर्माण भए पनि सबै पूर्ववत् अवस्थामा फर्किएका छैनन् । स्थानीय तहका कार्यालयमा भएको क्षतिले नागरिकलाई प्रत्यक्ष रूपमा प्रभावित गर्ने भएकाले यसको पुनर्निर्माण केवल भौतिक संरचना बनाउने विषय मात्र नभई नियमित सार्वजनिक सेवा पुनःस्थापनासँग पनि जोडिएको छ ।

***क्षति भयो, पुनर्निर्माणको गति सुस्त***

जेनजी आन्दोलनका क्रममा भएको क्षतिको मूल्याङ्कन गरी पुनर्निर्माणको प्रक्रिया अघि बढाइए पनि एक वर्षपछि पनि सबै संरचना पुरानै अवस्थामा नफर्किनुले सरकारी पुनर्निर्माण क्षमतामाथि प्रश्न उठाएको छ ।

कार्यालय, उपकरण र सवारीसाधन क्षतिग्रस्त हुँदा तत्कालीन समयमा प्रशासनिक सेवा प्रभावित भयो । अहिले सेवा सञ्चालनमा आए पनि क्षतिग्रस्त भौतिक संरचनाको स्थायी समाधान हुन नसक्दा सरकारी निकायले थप खर्च, व्यवस्थापनको समस्या र सेवा प्रवाहको दबाब झेलिरहेका छन् ।

आन्दोलनपछिको पुनर्निर्माणलाई केवल क्षति पुगेका भवन मर्मत गर्ने कामका रूपमा भन्दा पनि सार्वजनिक सम्पत्तिको संरक्षण, सरकारी सेवा प्रवाहको निरन्तरता र भविष्यमा यस्ता घटनाबाट हुने क्षति न्यूनीकरण गर्ने दीर्घकालीन योजनासँग जोड्नुपर्ने आवश्यकता देखिएको छ ।

एक वर्ष बितिसक्दा पनि अर्बौं रुपैयाँको क्षतिको पूर्ण पुनर्स्थापना हुन नसक्नुले आन्दोलनले छाडेको भौतिक घाउ अझै निको नभएको देखाउँछ । अब सरकारका लागि चुनौती क्षतिग्रस्त संरचना बनाउनु मात्र नभई पुनर्निर्माणको स्पष्ट योजना, स्रोतको सुनिश्चितता र समयसीमासहित काम सम्पन्न गर्नु हो ।

# जसपा नेपालका लुम्बिनी प्रदेश कोषाध्यक्षसहित दुई जना निष्कासित

## पार्टी नीति, निर्णय र अनुशासनविपरीत गतिविधि गरेको आरोप

दैनिक समाचारदाता

बुटवल २४ भदौ । जनता समाजवादी पार्टी (जसपा) नेपालले लुम्बिनी प्रदेश समितिका कोषाध्यक्ष बच्छुलाल केवट र प्रदेश सदस्य राजकुमार लोधलाई पार्टीबाट निष्कासन गरेको छ ।

जसपा नेपाल लुम्बिनी प्रदेश समितिका अनुसार केवटले पार्टीको नीति, सिद्धान्त, निर्णय तथा विधानविपरीत गतिविधि गर्नुका साथै पार्टीको हित र अनुशासनविपरीत कार्य गरेको आरोपमा कारबाही गरिएको हो । केवट रुपन्देहीको गैडहवा गाउँपालिकाका पूर्वअध्यक्षसमेत हुन् ।

त्यस्तै, प्रदेश सदस्य लोधलाई पनि पार्टीको नीति, निर्णय तथा अनुशासनविपरीत गतिविधिमा संलग्न रहेको आरोपमा कारबाही गरिएको पार्टीले जनाएको छ ।

जसपा नेपालको विधान तथा प्रचलित नियमअनुसार दुवै जनालाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरिएको हो । लुम्बिनी प्रदेश अध्यक्ष रामअवतार यादवले हस्ताक्षर गरेको कारबाही पत्रअनुसार भदौ २४ गतेदेखि लागू हुने गरी उनीहरूको पार्टी सदस्यता तथा पार्टीका सम्पूर्ण जिम्मेवारी खारेज गरिएको छ ।

पार्टीले दुवै जनामाथि गरिएको कारबाही तत्काल लागू हुने जनाएको छ ।

# पूर्वप्रदेशसभा सदस्य यादव पक्राउ, पाँच दिनको म्याद

## कुटपिट, अङ्गभङ्ग र आपराधिक उपद्रवसहित ११ कसूरमा अनुसन्धान भइरहेको प्रहरीको भनाइ

दैनिक समाचारदाता

सर्लाही, २४ भदौ । मधेश प्रदेशसभाका पूर्वसदस्य एवम् नेपाली कम्युनिस्ट पार्टीका नेता अशोककुमार यादव पक्राउ परेका छन् । ललितपुर महानगरपालिका-२३, धापाखेलबाट मंगलबार पक्राउ परेका यादवलाई सर्लाही ल्याई प्रहरीले अनुसन्धान अघि बढाएको हो ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार यादव कुटपिट, अङ्गभङ्ग तथा आपराधिक उपद्रवसम्बन्धी मुद्दाका फरार प्रतिवादी हुन् । सोही मुद्दामा अनुसन्धानका लागि सर्लाही जिल्ला अदालतले बुधबार यादवलाई पाँच दिनको म्याद दिएको जिल्ला प्रहरी कार्यालयका निमित्त प्रवक्ता तथा प्रहरी निरीक्षक गणेश पाण्डेले जानकारी दिए ।

प्रहरीका अनुसार यादवविरुद्ध कुटपिट, अङ्गभङ्ग तथा आपराधिक उपद्रवसम्बन्धी कसूरबाहेक गत जेठ २५ गते कविलासी नगरपालिका-८, अगर्वामा ड्युटीमा रहेका प्रहरी कर्मचारीलाई कुटपिट गरी घाइते बनाएको र प्रहरीको मोटरसाइकलमा तोडफोड गरेको आरोपमा समेत अनुसन्धान भइरहेको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीले बुधबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार कविलासी नगरपालिका-१०, सलेमपुर निवासी ५० वर्षीय यादवविरुद्ध विभिन्न मितिमा राज्यविरुद्धको कसूर, चोरीसम्बन्धी कसूर, केही सार्वजनिक अपराध, ज्यान मार्ने उद्योग, सार्वजनिक शान्तिविरुद्धको कसूर, आपराधिक प्रवेश र आपराधिक उपद्रवलगायत ११ वटा कसूरमा अनुसन्धान भइरहेको छ ।

प्रहरीले यादवलाई विभिन्न मुद्दामा फरार रहेका प्रतिवादीका रूपमा खोजी गर्दै आएको जनाएको छ ।

यादव गत वर्ष सर्लाहीका तत्कालीन प्रहरी प्रमुख (एसपी) योगेन्द्रकुमार खड्कासँग विवाद र गालीगलौचमा उत्रिएपछि चर्चामा आएका थिए ।

प्रहरीले पक्राउपछि अदालतबाट म्याद लिएर आरोपसम्बन्धी अनुसन्धान अघि बढाएको जनाएको छ । आरोप प्रमाणित हुन बाँकी रहेको छ ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# जापानमा विपक्षी एकता प्रयास असफल प्रमुख विपक्षी दल विघटन

## प्रधानमन्त्री ताकाइचीविरुद्ध बलियो विकल्प बनाउने प्रयास असफल भएपछि विपक्षी खेमा थप विभाजित




एजेन्सी

टोकियो २४ भदौ। प्रधानमन्त्री सानाए ताकाइची नेतृत्वको सरकारविरुद्ध प्रभावकारी विपक्षी शक्ति निर्माण गर्ने प्रयास असफल भएपछि जापानको विपक्षी राजनीति थप विभाजित बनेको छ।

प्रमुख विपक्षी शक्तिका रूपमा अघि बढ्न खोजेको 'सेन्ट्रिस्ट रिफर्म एलायन्स'ले बुधबार आफ्ना राजनीतिक गतिविधि बन्द गर्ने घोषणा गरेको छ। दलका प्रमुख जुन्या ओगावाले पत्रकार सम्मेलनमार्फत पार्टी विघटन गर्ने निर्णय सार्वजनिक गरेका हुन्। ओगावाका अनुसार पार्टीका बाँकी आर्थिक दायित्व चुक्ता गरेपछि औपचारिक रूपमा विघटन गरिनेछ। उनका अनुसार ताकाइची नेतृत्वको लिबरल डेमोक्रेटिक पार्टी (एलडीपी) विरुद्ध बलियो र एकीकृत विपक्षी शक्ति निर्माण गर्ने उद्देश्यले आठ महिनाअघि सुरु गरिएको प्रयास अपेक्षित रूपमा सफल हुन सकेन।

'सेन्ट्रिस्ट रिफर्म एलायन्स' जनवरीमा एलडीपीका पूर्वगठबन्धन साझेदार कोमेइतो तथा कन्स्टिट्युसनल डेमोक्रेटिक पार्टी अफ जापान (सीडीपीजे) लाई समेटेर मध्यमार्गी विपक्षी शक्ति निर्माण गर्ने उद्देश्यले गठन गरिएको थियो।

तर, फेब्रुअरीमा भएको आमनिर्वाचनमा नयाँ गठबन्धनले अपेक्षाअनुसार प्रदर्शन गर्न सकेन। ४६५ सदस्यीय तल्लो सदनमा उसले ४९ सिट मात्रै जितेको थियो। पुनःनिर्वाचन लडेका उसका १०० भन्दा बढी बहालवाला सांसदसमेत पराजित भएका थिए।

त्यसको विपरीत एलडीपीले तल्लो सदनमा १०० भन्दा बढी सिट थप्दै कुल ३१६ सिट जितेको थियो। निर्वाचन परिणामले सत्तारूढ दललाई थप बलियो बनाउँदै विपक्षी एकताको प्रयासलाई कमजोर बनाएको थियो।पार्टी औपचारिक रूपमा विघटन भए पनि त्यसमा आबद्ध सांसदहरूले तल्लो सदनमा छुट्टै संसदीय समूह गठन गरेर एलडीपीको प्रभावकारी विकल्प निर्माण गर्ने प्रयास जारी राख्ने ओगावाले बताए।

पार्टीका केही सदस्य पुराना राजनीतिक दलमा फर्किने वा नयाँ दल गठन गर्ने तयारीमा रहेको बताइएको छ। यसले जापानको विपक्षी राजनीतिमा थप ध्रुवीकरण र विभाजनको सम्भावना बढाएको छ।

यसैबीच, बौद्ध संस्थाको समर्थन प्राप्त शान्तिवादी दल कोमेइतोले गत वर्ष अक्टोबरमा एलडीपीसँगको २६ वर्ष लामो गठबन्धन अन्त्य गरेको थियो। राजनीतिक चन्दासम्बन्धी विवादपछि चन्दा सङ्कलनसम्बन्धी नियम कडा बनाउन एलडीपीले अस्वीकार गरेको भन्दै कोमेइतो गठबन्धनबाट बाहिरिएको थियो। एलडीपीको बलियो संसदीय उपस्थितिका बीच विपक्षी दलहरूबीच एकता कायम गर्न नसक्नुले ताकाइची सरकारलाई संसद्मा आफ्नो राजनीतिक एजेन्डा अघि बढाउन थप सहज अवस्था सिर्जना गरेको छ।

# बाकसभित्र राखिएका घरेलु हतियारसहित तीन जना पक्राउ

गुल्मी २४ भदौ। गुल्मीको छत्रकोट गाउँपालिकामा अवैध रूपमा घरेलु हतियार निर्माण तथा बिक्री-वितरणमा संलग्न रहेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ। छत्रकोट-५ मानकोट भ्यूडाँडामा घरेलु हतियार निर्माण तथा बिक्री-वितरण भइरहेको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक सुदीप नेपालीको नेतृत्वमा खटिएको टोलीले स्थानीय बुद्धिबहादुर कामी, झुमिला विक र प्रेमबहादुर सिँजालीलाई पक्राउ गरेको हो। स्थानीय बुद्धिबहादुर कामीको घर तथा आरनमा खानतलासी गर्दा अवैध हतियार निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, औजार तथा जङ्गली जनावरका हड्डी र छाला फेला पारेको हो।





सोही क्रममा प्रहरीले कामीका छिमेकी झुमिला विकको घरमा रहेको आरनबाट एक थान भरुवा बन्दुक तथा बुद्धि बहादुरसँग बन्दुक खरिद गरेको प्रेमबहादुर सिँजालीको घरगोठबाट एक थान भरुवा बन्दुक बरामद गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब निरीक्षक वीरेन्द्रवीर विश्वकर्माले जानकारी दिए। प्रहरीले उनीहरूबाट दुई थान भरुवा बन्दुक, फलामका बन्दुकका नाल ४२ थान, बन्दुकका कुन्जी/बट आठ थान, काठका बट पाँच थान, फलामका गोली छर्रा २२१ थान, भरुवा बन्दुकका गोली तीन थान, बारुद र टिनका बाकसभित्र राखिएका हतियारका पाटपुर्जासमेत बरामद गरेको छ।

त्यस्तै हतियार निर्माणमा प्रयोग हुने किटको आरनपङ्खा दुई थान गेलेन्डर मेसिन, एक थान ड्रिल मेसिन, एक थान वेल्डिङ मेसिन, दुई थान भाइब्रेसन मेसिन तथा आरी, बसुला, गिलास, पन्चकस, कैँची, हथौडालगायत औजार पनि बरामद गरिएको सूचना अधिकारी विश्वकर्माले बताए।

प्रहरीले उनीहरुको साथबाट जङ्गली जनावरका हड्डी तथा पाँच वटा छालासमेत बरामद गरेको छ। पक्राउ परेका तीनै जनामाथि आवश्यक अनुसन्धानका लागि कानुनी प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। रासस

# भदौ २४ को घटनाको थप छानबिन गर्न भट्टराईको माग

## कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्न र उच्चस्तरीय छानबिन समिति बनाउन पूर्वप्रधानमन्त्रीको सुझाव



दैनिक समाचारदाता

काठमाडौँ २४ भदौ। पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले सत्तारुढ दल र सरकारको ध्यान भदौ २४ गतेका घटनाको सत्यतथ्य उत्खनन तथा लोकतान्त्रिक राज्यका संस्थागत संरचनाको रक्षा र विकासमा केन्द्रित हुनुपर्ने बताएका छन्।

बुधबार सामाजिक सञ्जालमार्फत धारणा सार्वजनिक गर्दै भट्टराईले भदौ २३ गतेको जेनजी आन्दोलनमाथि भएको दमनका दोषीलाई इतिहासले दण्डित गरिसकेको टिप्पणी गर्दै भदौ २४ गते भएका घटनाको समेत गम्भीर र विस्तृत छानबिन आवश्यक रहेको बताएका हुन्।

उनले भदौ २४ गते भएको विध्वंसलाई आक्रोशित युवाहरूको आवेगात्मक प्रतिवादका रूपमा मात्र बुझ्न नहुने बताए। लोकतान्त्रिक राज्यका प्रमुख अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका मुख्यालय तथा राज्यका महत्वपूर्ण ऐतिहासिक अभिलेखहरू सुनियोजित रूपमा नष्ट गर्ने प्रयास भएको भए त्यसको गहिरो अनुसन्धान आवश्यक रहेको उनको भनाइ छ।

'मैले विश्व इतिहासको अध्ययनबाट बुझेसम्म ठूला-ठूला क्रान्ति र राज्य विप्लवका क्रममा पनि यस्तो हर्कत विरलै भएको छ,' भट्टराईले भनेका छन्।

भदौ २३ र २४ गतेका घटनाको छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगले भदौ २३ गतेको घटनाबारे विस्तृत प्रतिवेदन दिएको तर भदौ २४ गतेका घटनाबारे सामान्य चर्चा गर्दै थप छानबिन गर्नुपर्ने सुझाव दिएको भट्टराईले उल्लेख गरेका छन्।

उनले वर्तमान सरकारले आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्नुपर्ने माग गरेका छन्। साथै, भदौ २४ गतेका घटनाको विस्तृत छानबिनका लागि थप उच्चस्तरीय र विश्वसनीय आयोग गठन गर्नुपर्ने सुझावसमेत दिएका छन्।

युवाहरूको ठूलो बलिदान र आम जनताको समर्थनबाट वर्तमान सरकार गठन भएको उल्लेख गर्दै भट्टराईले सुशासन र पारदर्शितालाई प्रमुख एजेन्डा बनाएको सरकारले घटनाको सत्यतथ्य सार्वजनिक गर्न अग्रसरता लिनुपर्ने बताएका छन्।


सत्तारुढ दलका सभापति रवि लामिछानेले संसद्मा गरेको सम्बोधनमा 'संस्थागत उपयोगिता' भन्ने शब्दलाई महत्व दिएको उल्लेख गर्दै भट्टराईले त्यसले यस विषयमा केही आशा जगाएको बताएका छन्।

भट्टराईले राज्यका संस्थागत संरचनाको संरक्षणसँगै भदौ २३ र २४ गतेका घटनाको वस्तुनिष्ठ छानबिन गरी दोषी पहिचान र जवाफदेहिता सुनिश्चित गर्नुपर्नेमा जोड दिएका छन्।


- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४